## चौथो जिल्ला सभाः बजेट तथा प्रस्तावित कार्यक्रमहरु र निर्णय

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९३ बमोजिम यस जिल्ला सभालाई नेपाल सरकार तथा प्रदेश सरकारबाट उपलब्ध हुने रकम र अन्य स्रोतबाट प्राप्त रकम जिल्ला सभाको कोषमा जम्मा गरिनेछ । यसरी कोषमा प्राप्त रकम दफा ९२ बमोजिम जिल्ला समन्वय समितिको बैठकबाट निर्णय गरी साधारण खर्च र पूँजीगत खर्चको रकम बाँडफाँड गरी समितिको निर्णयानुसार खर्च गरिनेछ ।

**प्रस्ताव नं. १.कोभिड -१९ को विश्वव्यापी संक्रमणको कारणबाट उत्पन्न असहज परिस्थितिमा सहयोग पुऱ्याउने सम्बन्धमा ।**

**निर्णय नं. १.** कोभिड-१९ को विश्वव्यापी संक्रमणको कारणबाट उत्पन्न असहज परिस्थितीमा रहेका नागरिकलाई महामारी फैलन नदिने गरी संक्रमणबाट सुरक्षीत रुपमा राख्ने, क्वारेन्टिनमा बस्ने, स्वास्थ्य परिक्षण एवं स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड पालना गर्ने, गराउने कार्यमा नेपाल सरकार, प्रदेश सरकारबाट जारी भएका आदेशहरुको कार्यान्वयन गर्ने गराउने कार्यमा सहयोग पुऱ्याउने निर्णय गरियो । अस्पताल तथा स्वास्थ्य संस्थाको स्तरवृद्धि, क्षमता वृद्धि भौतिक र गुणात्मक सुधारमा सहजिकरण गरिनछ ।

**प्रस्ताव नं २. विकास आयोजना तथा अन्य निर्माण कार्यमा सहजीकरण**

**निर्णय नं. २.** नेपाल सरकार, प्रदेश सरकार तथा स्थानिय तहबाट भैरहेका विकास आयोजनाहरु तथा अन्य निर्माण कार्य, राष्ट्रिय गौरवका आयोजना र रुपान्तरकारी Game Changer आयोजनाहरुको निर्माण कार्य तोकिएको समय भित्रै सम्पन्न गर्न आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्ने र गुणस्तर कायम गर्न आवश्यक सहजिकरण गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.३. विपद् व्यवस्थापनमा सहयोग पुऱ्याउने**

**निर्णय नं ३.** विपद् बाट उत्पन्न हुन सक्ने जनधनको क्षतीलाई न्यूनीकरण गर्न आवश्यक पूर्व तयारी, खोज तथा उद्दार, राहत व्यवस्थापन र पून निर्माणको कार्यमा सम्बन्धीत स्थानीय तहसँग समन्वय गरी आवश्यक समन्वय, सहयोग र सहजीकरण गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.४. जिल्ला समन्वय समितिको मौज्दात कोष संचालन निर्देशिका २०७५, को कार्यान्वयनको निरन्तरता सम्बन्धमा ।**

**निर्णय नं ४.** जिल्ला समन्वय समितिको मौज्दात कोष संचालन निर्देशिका २०७५ आ.ब.०७७/०७८ मा समेत कार्यान्वयन गरी निरन्तरता दिने निर्णय गरियो । यस आ.ब.मा पोखरा महानगरपालिका र रुपा गाउँपालिकामा साझेदारीमा कार्यक्रमहरु सुरुवात गर्ने र अन्य पालिकामा भैरहेका कामको निरन्तरता र सम्झौता बमोजिमका कामहरु समयमै सम्पन्न गर्न गराउन आवश्यक अनुगमन र सहजीकरण गर्ने निर्णय गरियो । साथै मौज्दात कोषमा रहेको रकममध्ये निर्देशिकाले व्यवस्था गरेका शर्तमा रही पोखरा महानगरपालिकालाई ८ करोड नघटाई र ४ गाउँपालिकालाई प्रति पालिका ३ करोड नघट्ने गरी योजना छनौट गर्ने निर्णय गरियो ।

<u>प्रस्ताव नं.५. स्थानिय पूर्वाधार विकास कार्यक्रम कार्यान्वयनमा सहजीकरण र अनुगमन गर्ने सम्बन्धमा ।</u>

<u>निर्णय नं.५.</u> आ.ब. ०७७/०७८ मा स्थानिय पूर्वाधार विकास कार्यक्रम (संघ र प्रदेश) अन्तर्गतका योजनाहरु समयमै छनौट गर्ने, स्वीकृत गर्न, ठेक्का सम्झौता र तोकिएको समय सीमाभित्रमै सम्पन्न गर्न आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्ने । स्थानीय पूर्वाधार विकास कार्यक्रम प्रदेश सरकारको पनि संघीय सरकारकै कार्यविधि अनुसार कार्यविधि नियमावली परिमार्जन गर्न प्रदेश सरकारलाई अनुरोध गरी लेखी पठाउने निर्णय गरियो ।

<u>प्रस्ताव नं.६ अनुगमन तथा मूल्याङ्कन कार्यलाई प्रभावकारी बनाउने सम्बन्धमा ।</u>

<u>निर्णय नं.६.</u> जिल्ला समन्वय समितिलाई संविधान, ऐन, कानुन र निर्देशिका बमोजिम प्राप्त अधिकारको परिधीभित्र रही विकास निर्माणका योजना, स्थानीय पूर्वाधार विकास कार्यक्रम, साझेदारीका योजना, नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट संचालित विकासका आयोजना/योजना/कार्यक्रमहरुको प्रभावकारी अनुगमन र मुल्याङ्कन कार्यलाई निरन्तरता दिने । यस सम्बन्धमा आवश्यक पर्ने दक्ष जनशक्ति, प्राविधिक जनशक्ति, प्राविधिक जनशक्तीको आवश्यकतानुसार सेवा लिई स्वीकृत अनुगमनम टोली परिचालन गर्ने निर्णय गरियो ।

<u>प्रस्ताव नं. ७. गैर सरकारी संस्थाहरुको प्रभावकारी अनुगमन गर्ने सम्बन्धमा</u>

<u>निर्णय नं.७.</u> जिल्लाभित्र संचालित राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुको काम कारबाहीलाई प्रभावकारी रुपमा अनुगमन गर्ने, वार्षिक समीक्षा गर्ने, DAC Meeting गर्ने कार्यलाई वस्तुनिष्ट मुल्याङ्कनका आधारमा अगाडी वढाइने निर्णय गरियो ।

<u>प्रस्तव नं.८ स्थानीय तहको क्षमता विस्तारका कार्यक्रम संचालन गर्ने सम्बन्धमा</u>

<u>निर्णय नं.८</u> स्थानीय तहका जनप्रतिनिधी, जिल्ला समन्वय समितिका पदाधिकारी र स्थानीय तहका कर्मचारीहरुको Capacity Building का कार्यक्रमहरुलाई अगाडी बढाइने र स्थानीय आर्थिक विकास कार्यक्रम LED लाई समन्वयात्मक ढंगले अगाडि बढाउने कार्यमा स्थानीय तहलाई सहयोग पुग्ने गरी तालिम सञ्चालन गर्ने ।

<u>प्रस्ताव नं.९.</u> ढुंगा, गिट्टी, वालुवा उत्खनन विक्री तथा व्यस्थापन सम्बन्धी मापदण्ड २०७७ लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न स्थानीय तहलाई आवश्यक सहयोग गर्ने ।

<u>निर्णय नं. ९.</u> ढुंगा, गिट्टी, वालुवा उत्खनन विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ को दफा ४(९) बमोजिम उत्खनन र संकलन कार्य गर्दा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भएका सर्त, ठेक्का, सर्त अनुगमन समितिले दिएका निर्देशनहरु समेतको पालना स्थानीय तहहरुले गर्ने र दफा ९(१४) बमोजिम जिल्ला अनुगमन समितिलाई अनुगमन कार्यका लागि आवश्यक पर्ने प्रशासनिक खर्च सम्वन्धीत स्थानीय तहले नदीजन्य र खानीजन्य पदार्थको विक्री वितरणबाट उठेको विक्री वा शुल्क वापतको रकमको १% रकम जिल्ला समन्वय समितिलाई उपलब्ध गराउने । विगत वर्षका जिल्ला समन्वय समितिलाई बुझाउनु पर्ने स्थानीय तहबाट बाँकी रहेको रकम समित यथाशिघ्र स्थानीय तहले उपलब्ध गराउने निर्णय गरियो ।

जिल्ला समन्वय समितिको कार्यालय
कास्की
२०७३

प्रस्ताव नं १०. दायित्व भुक्तानी सम्बन्धमा

निर्णय नं १०: भारतीय राजदूतावासबाट यस जिल्लाको आर्वा विजय मा.वि. मा निर्माणाधिन भवनको सम्झौताबमोजिमको भुक्तानी दिनुपर्ने बाँकी रकमको दायित्व यस कार्यालयमा सिर्जना भएको हुँदा आवश्यक प्रक्रिया पुऱ्याई भुक्तानी दिन जि.स.स. लाई अख्तियारी दिने निर्णय गरियो ।

निर्णय नं. ११: विकास निर्माणको अनुगमनको लागि अनुगमन निर्देशिकासहित आवश्यक प्राविधिक जनशक्ति, स्रोत साधन उपलब्ध गराइदिन गण्डकी प्रदेश सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.१२: राष्ट्रियस्तरका विकासका प्राथमिकताहरु, स्थानीय आवश्यकता, जिल्लाभित्रका सम्भावना र चूनौतीहरुलाई मध्येनजर राख्दै जिल्लाभित्रका पालिकाहरु र जिल्लास्थित सबै सङ्घ/प्रदेशका कार्यालयहरुको समेत सहभागितमा एकिकृत जिल्ला विकास रणनीति (IDS) तयार गर्ने, त्यस्तो रणनीतिलाई जिल्ला सभाबाट शैद्धान्तिक स्वीकृती दिने ।

निर्णय नं.१३ : सन्तुलित विकासको लागि गाउँ र सहरकोबिच अन्तरसम्बन्ध Rural Urban Linkage स्थानीय तहहरुबिचको सहकार्य र प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेशको प्राविधिक सहजीकरणमा अध्ययन अनुसन्धान अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं.१४ : विकास योजनाहरु र अन्य समसामयिक विषयहरुमा सहजीकरण गर्न जिल्ला समन्वय समितिका प्रमुखको अध्यक्षतामा स्थानीय तहका प्रमुखज्यूहरु, प्रमुख जिल्ला अधिकारी, सम्बन्धित विषयका विषयगत प्रमुख, नागरिका समाज, गै.स.स., निजी क्षेत्र, पत्रकारलगायतको एक समिति गठन गरी आवश्यक नीति निर्माणमा सहयोग, समन्वय, अनुगमन र सहजीकरण गर्ने निर्णय गरियो ।

निर्णय नं.१५ : जिल्ला समन्वय समितिलाई आवश्यक पर्ने कानून प्रदेश सरकारले बनाउने संवैधानिक व्यवस्था भए बमोजिम हालसम्म कतिपय विषयमा कानून नबनेकोले जिल्ला समन्वय समितिका काम कारवाहीहरु प्रभावित भइरहेको हुँदा समयमै आवश्यक कानून निर्माण गरिदिनुहुन गण्डकी प्रदेश सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.१६ : एक स्थानीय तहहरुले गरेका अनुकरणीय कामहरु अर्को स्थानीय तहलाई पृष्ठपोषण समेत हुने हुँद उपलब्धीमूलक कामहरुको सार्वजनिक गर्ने । स्थानीय तहले आफ्नो नीति कार्यक्रम र नवप्रवर्तन रुपमा गरेका का कारवाहीको सूचकाङ्कको आधारमा मूल्याङ्कन गरी उत्कृष्ट स्थानीय तहलाई सम्मान गर्ने निर्णय गरियो ।

निर्णय नं.१७ : स्थानीय तहहरुको सहयोगमा मानव विकास सूचकाङ्क (HDI) एवम् गरिबी नक्साङ्कन समेटे जिल्लागत प्रोफाइल तयार गर्ने निर्णय गरियो ।

निर्णय नं.१८ : जिल्ला समन्वय समितिको अन्य स्रोतबाट प्राप्त आन्तरिक आम्दानीको रकम आ.व. ०७५/०७६ दे मौज्दात कोषमा रहेकोले उक्त रकम स्थानीय तहहरुलाई समानुपातिक विकास निर्माणका कार्यमा जिल्ला सभा/जिल्ल समन्वय समितिका बैठकबाट निर्णय भए बमोजिम खर्च गर्ने अख्तियारीको लागि आवश्यक व्यवस्था मिलाइदिन सङ्घी सरकारसँग अनुरोध गर्ने निर्णय गरियो ।